फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

२. अस्पताल मा ज्वरोसहितका शंकास्पद विरामी आएमा फिभर क्लिनिकमा स्क्रिनिंग गर्ने र नमुना संकलन गरि पठाउनुपर्ने भए विरामीलाई नतिजा नआउन्जेल शंकास्पद विरामीलाई राख्नको निम्ति प्रि-आइसोलेसन निर्माण गर्ने सम्भाव्यता अध्ययन गर्नको निम्ति मणिपाल शिक्षण अस्पतालमा प्रारम्भिक छलफल भयो।




३. सम्पूर्ण स्वास्थ्य संस्थाले आकस्मिक सेवा र फिभर क्लिनिक बाहेकका सम्पूर्ण सेवाहरु बन्द गरेको परिप्रेक्ष्यमा विरामीहरुले परामर्श सेवा लिन सकुन भन्ने उद्देश्यले स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रमा यस अघि नै टोल फ्री न. **१०९२** रहेको **"हेल्लो डाक्टर"** सेवा शुरु भैसकेको र यस्तो सेवा गण्डकी प्रदेश अन्तर्गतका ११ ओटै जिल्लाबाट समेत प्रवाह गराउने निर्णय गर्दै सम्पूर्ण जिल्लाहरुमा निर्देशन सहित पत्राचार गरियो।

४. गण्डकी प्रदेश अन्तर्गतका जिल्लाहरुमा कोभिड-१९ को शंकास्पद विरामी देखा परेमा जिल्ला अस्पतालमा उपलब्ध प्रयोगशाला प्राविधिकको सहयोगमा नमुना संकलन गरि अस्पताल वा स्वास्थ्य कार्यालयको सवारी साधन प्रयोग गरि ढुवानीको व्यवस्था गर्न/गराउन जिल्लाहरुमा निर्देशन सहित पत्राचार गरियो।

५. गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालय र नेपाल टेलिकमको सहकार्यमा विभिन्न सरोकारवाला र सर्वसाधारणको मोबाइल फोनमा कोरोना भाइरस (कोभिड - १९) रोग सम्बन्धि कुनै पनि जानकारी र परामर्श चाहिएमा **"हेल्लो डाक्टर सेवा" मार्फत जानकारी** लिन सकिने संदेश सहितको जानकारी एस.एम.एस मार्फत पठाउने व्यवस्था गरियो।

६. गण्डकी प्रदेशमा सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालयद्वारा कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, मालेपाटन पोखरामा **४८ बेड** क्षमताको क्वारेन्टाइनस्थलको स्थापना गरिएको छ जसमा हाल १७ जना व्यक्तिहरु रहनुभएको छ। यसैगरी पोखरा महानगरपालिकाले समेत वैकल्पिक क्वारेन्टाइनस्थलको तयारी गरिरहेको छ।

७. गण्डकी प्रदेशबाट हालसम्म १५ जना शंकास्पद विरामीको नमुना संकलन गरि परिक्षणको लागि पठाईएकोमा १३ जनाको नतिजा नेगेटिभ आइसकेको र २ जनाको नतिजा आउन बाँकी रहेको छ।